# लक्षित बर्ग आयआर्जन बाख्रा/बंगुर बिकास कार्यक्रम संचालन कार्यबिधी

२०७७

पाथीभरा याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

थेचम्बु ताप्लेजुङ्ग

# लक्षित बर्ग आयआर्जन बाखा /बंगुर बिकास कार्यक्रम संचालन

# कार्यबिधी २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७६/१०/२७

१ पृष्ठभूमी

नेपालमा बंगुर /बाखापालन मासु उत्पादन ब्यवसायको रूपमा विकास हुदै आएको छ । नेपाल अधिराज्यमा उत्पादन हुने कुल मासु करिब हजार मे.ट. मध्मे करिब मे.ट. अर्थात प्रतिशत स्थान मासु बंगुर/ बाखा खसीको मासुले लिएको छ । करिब प्रतिशत बार्षिक बृद्धिदर रहेको बंगुर/ बाखाको मासुमा बिभिन्न पौष्टिक तत्वजरु पाइन्छ । धार्मिक दृष्टिकोणले पनि बंगुर/ बाखालाई निकै महत्व दिन्दै आएको पाईन्छ ।सानो लागानी र छोटो समयमा छिटो आम्दानी लिन सकिने भएकोले नेपाल सरकारले पनि बंगुर/ बाखापालन ब्यवसायलाई प्राथमिकता दिईएको छ ।बंगुर /बाखाको मासु समुदायका पूर्वी पहाडी भागका धेरै जसो मानिसले खाने हुदा यसको माग दिन प्रतिदिन बढ्दै गएको छ । यस ब्यबसायमा बिषेश गरेर लिम्बू, तामाङ, गुरुङ, सार्की, कामी, दमाई जस्ता बिभिन्न समुदायको संलग्नता रहेको छ । धेरै जग्गा बसोबास गर्ने, थोरै लगानी भएका र बिपन्न समुदायका ब्यक्तीहरुले पनि बंगुरपालन ब्यवसाय गरी आफ्नो आयआर्जनमा बृद्धि गरी जिबन स्तर उकास्ने उद्देश्यले आयाआर्जन बंगुर बिकास कार्यक्रम कार्यान्वयन कार्यबिधी २०७६ तयार पारिएको छ ।

२. मुख्य उद्देशयः-

मासुका लागि बंगुर / बोका खसी हुर्काउने तथा पाठापाठी उत्पादन गरी बिक्री बितरण कार्यक्रमको माध्यमवाट आयआर्जन बृद्धि गरी दिगो रुपमा बिपन्न परिबारलाई रोजगार प्रदान गरी गरिवी न्यूनीकरण गर्ने ।

३. लाभान्वित बर्ग

सिमित जग्गामा बसोबास गर्दै आएका गरिब परिवार, सुकुमबासी, दलित, जनजाती, आदिबासी, महिला, एकल महिला जस्ता रोजगारीबाट बन्चित रहेका समुदायहरु ।

४. समुह गठन प्रकृया

- एक समुहमा १० परिवार (कम्तिमा ३५ प्रतिशत महिला सहभागिता) रहने छन ।

➢ समुहका अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित १० जना र पशु सेवा शाखा प्रतिनिधी १ गरी जम्मा ११ जना सदस्य रहनेछन ।

५. कार्यान्वयन प्रकृया

समुहले कम्तिमा ३ बर्ष सम्म अनुदानमा दिईएका पशु बिक्री बितरण र मास्न पाईने छैन। यदि तेसो गरेको पाइएमा उक्त ब्याक्तिबाट असुल उपर गरी अर्को नयाँ सदस्य थप गरी कार्यक्रम संचालन गरिने छ । यसको संक्षिप्त कार्यान्वयन प्रकृया निम्न अनुसार हुन छ ।

- लक्षित परिबार पहिचान, समुह गठन ।
- हितकोष स्थापना तथा स्रोत ब्यवस्थापन ।
- सरोकार निकायसंग समन्वय ।
- कार्याबिधिको कार्यान्वयनमा पारदर्शिता ।

➢ सहभागितात्मक अनुगमन ।

➢ समुहको पहिलो बैठक बसी समुहका सबै सदस्यहरुले कम्तिमा २ माउ बंगुर वा ५ माउँ बाख्रा अटाउने बंगुर / बाख्राको खोर निर्माण तथा सुधार गर्ने लगाउने ।

➢ समुको बैठकबाट नै समुहका अध्यक्ष, सचिव/कोषाध्यक्ष, कार्यालय प्रतिनिधी १ गरी जम्मा ३ जनाको संयुक्त दस्ताखतमा गाउँपालिकाको सदरमुकामको नजिको रहेको स्थानिय बैकमा खाता संचालन गर्ने साथै पशुसेवा शाखाबाट १ र समुहबाट २ जना री जम्मा ३ सदस्य बंगुर / बाख्राका पाठपाठी खरिद समिती गठन गर्ने ।

➢ समुह गठन गर्दा सहभागीहरुलाई चिया खाजा खर्च बापत बढीमा रु.३,०००/- (तिन हजार) सम्म कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

➢ सझौता भएपछि बंगुर /बाख्राको खोर निर्माण तथा सुधार कार्य सम्पन्न भएपछि र बंगुर / बाख्राका पाठापाठी खरिद कार्य गर्दा कम्तिमा २५ प्रतिशत रकम समुहबाट थप गरी लगानी भएको बिल भरपाई प्राप्त भएपछि मात्र समुहको नाममा रहेको बैक खातामा रकम जम्मा हुने छ ।

➢ बंगुर / बाख्राको पाठापाठी खरिद गर्ने हाल बंगुर / बाख्राको श्रोतकेन्द्र स्थापना भई नसकेको हुदा बिश्बासिलो कृषकले पालेका राम्रो गुणस्तर भएको स्थानिय जातको बंगुर / बाख्राका पाठापाठी खरिद गर्ने ।

➢ सबै बंगुर / बाख्रालाई बर्षमा कम्तिमा ३ पटक परजिबी बिरुद्ध औषधी खुवाउने तथा खनिज भिटामिन सप्लिमेन्ट दिने ।

- बंगुर/बाख्रापालन कृषक समुहको बैठक कम्तिमा महिनामा १ पटक बस्ने, पाट्नर संस्थाले सहजकर्ताको भुमिका निर्बाह गर्दै जाने र समुहको क्षमता र संस्थागर बिकास गर्दै जाने ।
- नियमित रुपमा महिनाको १ पटक स्थलगत निरिक्षण गरी समुहमा देखा परेका समस्याहरुको समाधान र बंगुर /बाख्रालाई आहारा, पानी राम्रोसंग खुवाएको छ /छैन अनुगमन गर्ने ।
- समुहले खरिद गरेका बंगुर /बाख्रालाई बिमा गराउने ।
- समुहले खरिद गरेका बंगुरको उत्पादन नभएको खण्डमा भन्दा बाहेक बिना कारण र पशु सेवा शाखाको सल्लाह बिना बेच बिखन गर्न पाईने छैन ।
- यदि कुनै ब्याक्ती राम्रो स्याहार नगरी लापर्बाही तरिकाले पालन गरेको पाईएमा समुहले निर्णय गरी अर्को नयाँ सदस्यलाई उक्त बंगुर दिन सकिने छ ।
- उक्त माउ आफूखुशि बिक्री गर्न पाईने छैन गरेमा उक्त रकम समुहको खातामा जम्मा गर्नु पर्ने छ ।
- समुहको बैठकले निर्णय गरी मासिक हितकोष रकम संकलन गरी समुहको निर्णय अनुसार लगानी गर्ने ।
- ६. कार्यक्रमको अवधि १ बर्ष ।

७. कार्यक्रम संचान हुने वडाहरु

मानब बिकास सुचकाङ्क,बाख्रापालनको क्षेत्र, कृषकहरुको सामाजिक, आर्थिक अवस्था, बोका खसिको बजार सस्थिती तथा श्रोत केन्द्रको लागि पायक पर्ने जस्ता आधारमा स्थान छनौट गरिने छ ।

८. बर्ग लक्षित आयआर्जन बाख्रापालन कार्यक्रमको कार्यविधि

- स्थानिय स्तरमा गई स्थानिय जनप्रतिनिधीको छलफलबाट कार्यक्रम संचालन गर्ने कुनै टोलको छनौट गरी उक्त टोलका कृषकहरुको भेला गराई दलित, एकल महिला, कम आयश्रोत भएका (बिपन्न बर्ग) घरधुरी सर्बेक्षण गरी जनप्रतिनिधीको रोहबरमा कृषक घरधुरी छनौट गर्ने ।
- पहिला देखि बाख्रापालन गर्दै आएका र आफ्नै श्रोत साधानमा प्राप्त अनुदान रकम समेत प्रयोग गरी बाख्रापालनको खोर बनाउन र पठ्याग्री खरिद गर्न इच्छुक कृषक मध्येबाट १० धरधुरीका (प्रत्येक घरबाट १/१जना) गरि १० जना कृषक छनौट गरी अध्यक्ष, सचिव, कोषाध्यक्ष, लगाएत १० जना र पशु सेवा शाखाको प्रमुख/प्रतिनिधी १ गरी जम्मा ११ जनाको समुह गठन गर्ने ।

- समुहको पहिलो बैठक बसी समुहका सवै सदस्यहरुले कम्तिमा २ माउ बाख्रा अटाउने बाख्राको खोर निर्माण तथा सुधार गर्ने लगाउने ।
- समुको बैठकबाट नै समुहका अध्यक्ष, सचिव/कोषाध्यक्ष, कार्यालय प्रतिधी १ गरी जम्मा ३ जनाको संयुक्त दस्ताखतमा गाउँपालिकाको सदरमुकामको नजिको रहेको स्थानिय बैंकमा खाता संचालन गर्ने साथै पशुसेवा शाखाबाट १ र समुहबाट २ जना री जम्मा ३ सदस्य पठ्याग्री खरिद समिती गठन गर्ने ।
- सझौता भएपछि बाख्राको खोर निर्माण तथा सुधार कार्य सम्पन्न भएपछि र पठ्याग्री खरिद कार्य गर्दा कम्तिमा २५ प्रतिशत रकम समुहबाट थप गरी लगानी भएको बिल भरपाई प्राप्त भएपछि मात्र समुहको नाममा रहेको बैक खातामा रकम जम्मा हुने छ ।
- बाख्राकं पठ्याग्री खरिद गर्ने हाल बाख्राको श्रोतकेन्द्र स्थापना भई नसकेको हुदा विश्वासिलो कृषकले पालेका राम्रो. गुणस्तर भएको स्थानिय खरि जातको बाख्रा खरिद गर्ने ।
- सवै बाख्रालाई बर्षमा कम्तिमा ३ पटक परजिवी बिरुद्ध औषधी खुवाउने तथा खनिज भिटामिन सप्लिमेन्ट दिने ।
- बाख्रापालन कृषक समुहको बैठक कम्तिमा महिनामा १ पटक बस्ने, पाट्नर संस्थाले सहजकर्ताको भुमिका निर्बाह गर्दै जाने र समुहको क्षमता र संस्थागर बिकास गर्दै जाने ।
- नियमित रुपमा महिनाको १ पटक स्थलगत निरिक्षण गरी समुहमा देखा परेका समस्याहरुको समाधान र बाख्रालाई आहारा, पानी राम्रोसंग खुवाएको छ /छैन अनुगमन गर्ने ।
- समुहले खरिद गरेका बाख्रालाई बिमा गराउने ।
- समुहले खरिद गरेका बाख्रा उत्पादन नभएको खण्डमा भन्दा बाहेक बिना कारण र पशु सेवा शाखाको सल्लाह बिना बेच बिखन गर्न पाईने छैन ।
- यदि कुनै ब्यात्ती राम्रो स्याहार नगरी लापर्बाही तरिकाले पालन गरेको पाईएमा समुहले निर्णय गरी अर्को नयाँ सदस्यलाई उक्त बाख्रा दिन सकिने छ ।
- उक्त माउ आफूखुशि बिक्री गर्न पाईने छैन गरेमा उक्त रकम समुहको खातामा जम्मा गर्नु पर्ने छ ।
- समुहको बैठकले निर्णय गरी मासिक हितकोष रकम संकलन गरी समुहको निर्णय अनुसार लगानी गर्ने ।

अनुसुची १

बंगुरपालन समुहसंग संझौता पत्र

हामीले जिल्ला ताप्लेजुङ पाथीभरा याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू मार्फत बंगुर बिकास कार्यक्रम अन्तरगत कृषक समुहमा परिचालन गर्न तपशिलका शर्तहरु समेत पालना गराई कार्यान्वयन गराउने पाथीभरा याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू ताप्लेजुङ्ग (यस पछी प्रथम पक्ष भनिने) र सो कार्य सम्पन्न गर्ने समुह .................................. कृषक समुह पाथीभरा याङवरक ............., ताप्लेजुङ्ग (यसपछि दोस्रो पक्ष भनिने) बिच कार्य गर्ने भनी मिती ..............गते सम्झौता गरियो ।

तपशिल

१. याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू ताप्लेजुङ्गबाट प्राप्त अनुदान रकम रु...........(अक्षेरी.......) उद्देश्य कार्यक्रम कार्यविधी अनुरुप पशु सेवा शाखा थेचम्बूको सल्लाह र रेखदेख अनुसार मात्र परिचान गर्ने छौ ।

२. समुहमा परिचालन भएका पशु सेवा कार्यक्रमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यन्वयन नियमित रुपले गरी प्रत्येक दैमासिक रुपमा पशु सेवा शाखा थेचम्बूमा प्रगति पठाउने छौ ।

३. प्राप्त वस्तुगत तथा रकमगत कोष अनुदान रकमको कुनै हिनामिना गर्ने छैनौ, गरेमा प्रचलीत कानून बमोजिम सजाय भोग्न तयार हुने छौ । पशु सेवा शाखाबाट प्राप्त हुने रकमको कम्तिमा २५ प्रतिशत रकमबाट लगानी गर्न मन्जुर छौ ।

४. समुह भित्र पशुपालन सम्बन्धि कुनै समस्या आईपरेमा पशु सेवा शाखामा खवर गर्ने छौ ।

५. पशु सेवा शाखाबाट समुहमा प्रदान गरिने हरेक कार्यक्रम समुहको निणर्य अनुसार सञ्चालन गर्ने छौ

६. प्रत्येक १.५ वर्ष भन्दा पहिले प्रजननयुक्त प्राप्त बिर नाता नपर्ने समूहसंग साटासाट गर्ने छौ ।

७. बंगुरपालन कार्यक्रम कम्तीमा ५ वर्ष सम्म संचालन गर्न मन्जुर गरेका छौ र वस्तुगत/कोष अनुदान अन्तरगत बंगुर माउँ कम्तीमा ३ वर्ष सम्म बेचबिखन गर्ने छैनौ ।

८.बंगुरको खोर स्थानिय स्रोत साधन प्रयोग गरी आफै निर्माण गर्ने छौ ।

९. कुनै पनि समुहका सदस्यहरुले बंगुरको राम्ररी हेरचार तथा पालनपोषण नगरेको पाइएका समूह र पशु सेवा शाखा छलफल/निर्णयबाट नयाँ इच्छुक कृषक सदस्य समुह सदस्य बनाई दिन मञ्जुर छौ ।

१०. उपरोक्त कार्यहरु सम्झौता अनुसार नगरेमा प्रचलित कानुन् बमोजिम बेहोर्ने छौ ।

**प्रथम पक्षको तर्फबाट**

नाम

पद

हस्ताक्षर

मिती

छाप

**दोश्रो पक्षको (समुहको) तर्फबाट**

नाम

पद अध्यक्ष

हस्ताक्षर

मिती

छाप

## अनुसुची २

## बाखापालन समुहसंग संझौता पत्र

हामीले जिल्ला ताप्लेजुङ पाथीभरा याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू मार्फत बाखा बिकास कार्यक्रम अन्तरगत कृषक समुहमा परिचालन गर्न तपशिलका शर्तहरु समेत पालना गराई कार्यान्वयन गराउने पाथीभरा याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू ताप्लेजुङ्ग (यस पछी प्रथम पक्ष भनिने) र सो कार्य सम्पन्न गर्ने समुह ................................ कृषक समुह पाथीभरा याङवरक ............., ताप्लेजुङ्ग (यसपछि दोस्रो पक्ष भनिने) बिच कार्य गर्ने भनी मिती ..............गते सम्झौता गरियो ।

तपशिल

१. याङवरक गाउपालिका पशु सेवा शाखा थेचम्बू ताप्लेजुङ्गबाट प्राप्त अनुदान रकम रु...........(अक्षेरी.......) उद्देश्य कार्यकम कार्यविधी अनुरुप पशु सेवा शाखा थेचम्बूको सल्लाह र रेखदेख अनुसार मात्र परिचान गर्ने छौ ।

२. समुहमा परिचालन भएका पशु सेवा कार्यकमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यन्वयन नियमित रुपले गरी प्रत्येक दैमासिक रुपमा पशु सेवा शाखा थेचम्बूमा प्रगति पठाउने छौ ।

३. प्राप्त बस्तुगत तथा रकमगत कोष अनुदान रकमको कुनै हिनामिना गर्ने छैनौ, गरेमा प्रचलीत कानून बमोजिम सजाय भोग्न तयार हुने छौ । पशु सेवा शाखाबाट प्राप्त हुने रकमको कम्तिमा २५ प्रतिशत रकमबाट लगानी गर्न मन्जुर छौ ।

४. समुह भित्र पशुपालन सम्बन्धि कुनै समस्या आईपरेमा पशु सेवा शाखामा खवर गर्ने छौ ।

५. पशु सेवा शाखाबाट समुहमा प्रदान गरिने हरेक कार्यक्रम समुहको निणर्य अनुसार सञ्चालन गर्ने छौ

६. प्रत्येक १.५ वर्ष भन्दा पहिले प्रजननयुक्त प्राप्त बोका नाता नपर्ने समूहसंग साटासाट गर्ने छौ ।

७. बंगुरपालन कार्यकम कम्तीमा ५ वर्ष सम्म संचालन गर्न मन्जुर गरेका छौ र बस्तुगत/कोष अनुदान अन्तरगत बाखाको माउँ कम्तीमा ३ वर्ष सम्म बेचबिखन गर्ने छैनौ ।

८.बाखाको खोर स्थानिय स्रोत साधन प्रयोग गरी आफै निर्माण गर्ने छौ ।

९. कुनै पनि समुहका सदस्यहरुले बंगुरको राम्ररी हेरचार तथा पालनपोषण नगरेको पाइएका समूह र पशु सेवा शाखा छलफल/निर्णयबाट नयाँ इच्छुक कृषक सदस्य समुह सदस्य बनाई दिन मञ्जुर छौ ।

१०. उपरोक्त कार्यहरु सम्झौता अनुसार नगरेमा प्रचलित कानुन बमोजिम बेहोर्ने छौ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको (समुहको) तर्फबाट |
|---|---|
| नाम | नाम |
| पद | पद |
| हस्ताक्षर | हस्ताक्षर |
| मिती | मिती |